नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

☎ ४२००३१
४२००२६
४२००५
४२००२

पत्र संख्या :-०७४/७५
चलानी न: ४८८३

**विषय:-स्थानीय तहको कर्मचारी सम्बन्धमा ।**

मिति २०७४।१२।२५

श्री जिल्ला समन्वय समिति सवै ।
श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका सवै ।
श्री गाउँपालिका सवै ।

प्रस्तुत विषयमा स्थानीय सरकार शासन संचालन ऐन २०७४ को दफा ८५(३) (१) स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्वन्धित स्थानीय तहमा स्वत: समायोजन भएको मानिने व्यवस्था भएको तथा जिल्ला समन्वय समितिका कर्मचारीलाई सम्वन्धित जिल्लाको स्थानीय तहमा खटाउन सकिनेछ र यसरी कर्मचारी खटाउँदा पर्याप्त कर्मचारी नभएका गाउँपालिका र नगरपालिकालाई प्राथमिकता दिइनेछ भन्ने कुरा स्पष्ट गरिएको छ । त्यस्तै कर्मचारी समायोजन ऐन को दफा १४(१) मा यो ऐन प्रारम्भ हुँदाका वखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्वन्धित स्थानीय तहमा स्वत: समायोजन भएको मानिनेछ भन्ने व्यवस्था छ । र नेपाल सरकार मन्त्रीपरिषद् बाट मिति २०७४।१२।१४ मा स्वीकृत स्थानीय तहमा सेवा प्रवाह, सम्वन्धी व्यवस्था, २०७४ को दफा ७(४) मा जिल्ला समन्वय समितिमा हाल कार्यरत कर्मचारीलाई स्वीकृत दरवन्दी अनुरुप पद मिलान गरी काममा खटाउनु पर्ने र यसरी खटाउँदा कुनै स्थानीय तहको दरवन्दी भन्दा कर्मचारी वढी भएमा त्यस्तो कर्मचारी आवश्यक भएको सोही जिल्लाको गाउँपालिका वा नगरपालिकाको मिल्दो दरवन्दीमा खटाउनु पर्ने साथै कर्मचारी खटाउँदा सदरमुकामवाट सवैभन्दा वढी दुरीमा रहेका आफ्नो जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकामा खटाउनु पर्नेछ र यसको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ भन्ने व्यहोरा समेत गरिएको छ । सोही व्यवस्थाको दफा ७ (५) मा स्थानीय तहमा समायोजन भएका साविक स्थानीय सेवाका कर्मचारीलाई समायोजन भएको गाउँपालिका वा नगरपालिकाको कार्यक्षेत्र भन्दा वाहिर सरुवा, काज वा अन्य कुनै तरिकावाट अर्को निकायमा काम गर्ने गरी खटाईने छैन भन्ने व्यवस्था समेत रहेको छ ।

Scanned by CamScanner

अतः स्थानीय सरकार संचालन ऐन २०७४ कर्मचारी समायोजन ऐन, २०७४ र स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ बमोजिम सवै स्थानीय तहले आफ्ना कर्मचारीहरुलाई पदाधिकार रहेकै निकायमा कामकाज गर्ने ब्यवस्था गरी स्थानीय तहको कर्मचारी व्यवस्थपन कार्यलाई व्यवस्थीत, नियमित र सुचारु गर्न गराउन सवै स्थानीय तहलाई अनुरोध गर्ने तथा सम्वद्ध सवै कर्मचारीलाई जानकारी गराउने भनी मिति २०७४।१२।२५ को नेपाल सरकार (सचिव स्तरीय) निर्णयानुसार अनुरोध छ।

(रविन्द्रजंङ्ग थापा)
शाखा अधिकृत

Scanned by CamScanner